नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

*संक्षिप्त जानकारी पत्र*

# नेपालका लागि हरित जलवायु कोषका स्रोतहरू

जुलाई २०१७

## परिचय

नेपालको तापक्रमको प्रवृत्तीलाई समीक्षा गर्दा सन् १९७१ देखि २०१४ सम्मको अवधिमा औसत वार्षिक अधिकतम ०.०५६[१] डिग्री सेल्सियस तापक्रम बढिरहेको र सोही समयमा २२ हजार ३ सय ७२ जलवायु सिर्जित प्रकोपहरूले ठूलो मात्रामा जनजीवन र पूर्वाधारको क्षति भएको पाइन्छ । यस प्रकारको लम्बिँदो अनिश्चितता र बढ्दो जलवायु जोखिमलाई गरिब तथा जलवायु संवेदनशील समुदायले सामना गर्न कत्तिको सफल हुन्छन् त भन्ने प्रश्न खडा भएको छ । राष्ट्रको कुल ग्राहस्थ उत्पादनमा ३१.६[२] प्रतिशत र रोजगारीमा कुल जनसंख्याको ६६ प्रतिशत योगदान दिने कृषि क्षेत्रमा[३] परिर्वतित मैासम तथा जलवायु परिवर्तनका कारण सामाजिक-आर्थिक असर देखिन थालिसकको अवस्था छ । त्यस्तै, अन्य महत्वपूर्ण क्षेत्रहरू वन, पशुपालन, पर्यटन तथा पूर्वाधार पनि जलवायु संवेदनशील क्षेत्र हुन् । बढ्दो जोखिमलाई मध्यनजर गर्दै नेपालले जलवायु परिवर्तन तथा प्रकोप जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी यी मुद्दाहरूको सम्बोधनका लागि राष्ट्रिय जलवायु सार्वजनिक वित्तको पूरकका रूपमा अन्तर्राष्ट्रिय जलवायु वित्तमार्फत लगानीको वातावरण बनाउने प्रयास गरिरहेको छ ।

## नेपालमा जलवायु परिवर्तनको आर्थिक प्रभाव

जलवायु परिवर्तनले विद्यमान राष्ट्रिय विकास लक्ष्यलाई चुनौती दिनुका साथै त्यसमा प्रतिकूल प्रभाव पारिरहेको छ । गृह मन्त्रालयको सन् २०१६/२०१७ को तथ्यांक अनुसार जलवायु परिवर्तनले हुने बाढी, पहिरो र अन्य प्रतिकूल मैसमका घटनाहरूमा ४ अर्ब (३८.४ मिलियन अमेरिकी डलर) क्षति भएको थियो ।[४] साथै, जलवायु परिवर्तनबाट भएका आर्थिक प्रभाव मूल्यांकन गरिएको एक अध्ययनले कृषि, जलविद्युत् तथा जल-उत्पन्न प्रकोप क्षेत्रमा परेको क्षति वार्षिक आँकडा कुल ग्राहस्थ उत्पादनको १.५ देखि २ प्रतिशतसम्म हुने तथ्यांक प्रस्तुत गरेको थियो, जस अनुसार सन् २०१३ को आर्थिक सूचिमा सो रकम करिब २७ देखि ३६ करोड अमेरिकी डलर हुन्छ । सो अध्ययन अनुसार सन् २०५० देखि जलवायु परिवर्तनले गर्दा हुने प्रतिकूल अवस्थाले कुल ग्राहस्थ उत्पादनमा मात्र २ देखि ३ प्रतिशतका दरले नोक्सान हुने देखिएको छ ।[५]


देशमा जलवायु परिवर्तन सम्बन्धि प्रभावकारी पहल भए तापनि जलवायु परिवर्तन क्रियाकलापको लागत र उपलब्ध स्रोतबीच ठूलो खाडल रहेको देखिन्छ । सन् २०१० को राष्ट्रिय अनुकूलन कार्यक्रमले प्राथमिकतामा परेका ९ परियोजनाहरूको लागि मात्र ३५ करोड अमेरिकी डलर लाग्ने अनुमान थियो ।[६] साथै, के पनि अनुमान गरिएको छ भने नेपाललाई कृषि, जलविद्युत् तथा जल उत्पन्न प्रकोप लगायतका जलवायु समानुकुलन कार्यक्रम सञ्चालन गर्न सन् २०३० सम्ममा थप २.४ अर्ब अमेरिकी डलरको आवश्यकता पर्नेछ ।[७]

## नेपालमा राष्ट्रिय जलवायु वित्तका मार्ग

जलवायु प्राथमिकतालाई परिणाममा रूपान्तरण गर्न दिगो र येथेष्ट वित्तको आवश्यकता पर्दछ । नेपाल सरकारले जलवायु हस्तक्षेपका लागि नियमित सेवा प्रवाह गर्ने राष्ट्रिय इकाईहरू (जस्तैः मन्त्रालय, विभाग तथा स्थानीय सरकार) लाई एकीकृत गरी जलवायु बजेट संकेतलाई राष्ट्रिय बजेटमा व्यवस्थित गरिसकेको छ । जस अनुसार जलवायु बजेट संकेतले जलवायुका विविध क्रियाकलापलाई विभिन्न ११ मापदण्ड अनुसार अति सान्दर्भिक, सान्दर्भिक तथा तटस्थ गरी विभाजन गरेको छ । साथै, सन् २०१३/१४ देखि लागू भएको राष्ट्रिय जलवायु बजेट संकेतले वार्षिक जलवायु परिवर्तन बजेट विनियोजनको मात्रामा वृद्धि हुँदै आएको देखाएको छ, जुन सन् २०१३/१४ मा ५.३६ प्रतिशत थियो भने सन् २०१६/२०१७ मा आइपुग्दा बढेर ५.९ प्रतिशत हुन पुगेको छ । त्यस्तै सोही अवधिमा 'सान्दर्भिक' शीर्षक अन्तर्गतको विनियोजन ४.९८ प्रतिशतबाट बढेर १३.३५ प्रतिशत पुगेको छ ।[८]

१ DHM, 2017. Observed Climate Trend Analysis in the Districts and Physiographic Regions of Nepal (1971-201
२ Economic Survey 2015/16; Ministry of Finance, 2016
३ http://www.mof.gov.np/uploads/document/file/Agriculture_NPPR-2015_20150913011507.pdf
४ MoHA. 2017. http://drrportal.gov.np/reports (Accessed on 20 July 2017)
५ IDS-Nepal, PAC and GCAP, (2014), Economic Impact Assessment of Climate Change in Key Sectors in Nepal
६ Ministry of Environment. 2010. National Adaptation Programme of Action to Climate Change.
७ IDS-Nepal, PAC and GCAP, (2014), Economic Impact Assessment of Climate Change in Key Sectors in Nepal
८ The figure in the table is retrieved from the 'Estimates of Expenditure: Red Book' for last five years prepared by the Ministry of Finance- http:/www.mof.gov.np/en/archive-documents/budget-details--red-book-28.html

'अति सान्दर्भिक' शीर्षक अन्तर्गत सन् २०१६/१७ मा राष्ट्रिय विनियोजन ५६ करोड अमेरिकी डलर पुगेको छ भने तीनवटै क्षेत्र (कृषि, जलविद्युत् तथा जल–उत्पन्न प्रकोप) को वार्षिक अनुमानित व्यय नै २७ देखि ३६ करोड अमेरिकी डलर रहेको छ । यद्यपि, आन्तरिक स्रोतको परिचालन बाहेक जलवायु परिवर्तका प्राथमिकतामा परेका आयोजना सञ्चालनका लागि नेपाललाई अन्तर्राष्ट्रिय जलवायु वित्तको पनि आवश्यकता पर्दछ । नेपालले राष्ट्रिय अनुकूलनका कार्यक्रमका आधारमा बहुपक्षीय र द्विपक्षीय तथा प्रत्यक्ष सहयोगहरू प्राप्त गरि रहेको छ । सन् २०१० मा जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्र संघीय संरचना महासन्धि अन्तर्गत हरित जलवायु कोष स्थापित भएको हो, जसले नेपाल जस्ता विकासशील राष्ट्रहरूलाई जलवायु परिवर्तनका अल्पकालीन र दीर्घकालीन प्राथमिकता निर्धारण तथा कार्यान्वयनमा सहयोग पुर्‍याउँछ ।



चित्र १ : पछिल्लो पाँच वर्षमा अर्थ मन्त्रालयद्वारा विनियोजित राष्ट्रिय जलवायु बजेट
स्रोत : अर्थ मन्त्रालय, जलवायु परिवर्तन बजेट संकेत सन् २०१३ देखि २०१७

## राष्ट्रिय प्राथमिकताहरु र हरित जलवायु कोषको प्रभाव क्षेत्र

हरित जलवायु कोष विकासशील मुलुकहरूमा जलवायु क्रियाकलापका उच्च प्रभावकारी आयोजना तथा कार्यक्रम सञ्चालन गरी समानुकूलन तथा न्यून कार्बन उत्सर्जनका क्रियाकलापहरूका लागि आर्थिक स्रोत उपलब्ध गराउने अख्तियार प्राप्त निकय हो । यस कोषले विकासशील मुलुकहरूमा अनुकूलनका क्रियाकलापहरूमा सन्तुलित वित्तिय विनियोजन गर्ने उद्देश्य राखेको छ । अनूकुलन विनियोजनले जलवायु परिवर्तनको मारमा परेका विकासशील मुलुकहरू, विशेषगरी अतिकम विकसित मुलुकहरू, साना टापू राष्ट्रहरू तथा अफ्रिकी मुलुकहरूलाई प्राथमिकतामा राखेको छ ।[९] ती मुलुकहरूका जलवायु वित्तसँग सम्बन्धित क्रियाकलापको समीक्षा गर्दा कोषले कुनै पनि आयोजना तथा कार्यक्रम सञ्चालन गर्न पूर्व परिमाणमा आधारित आठ रणनीतिक प्रभाव क्षेत्र निर्धारण गरेको छ (तालिक १ र २ मा प्रस्तुत)। यस्ता कार्यक्रम/आयोजनाहरूलाई हरित जलवायु कोषले निर्धारण गरेको लगानी मापदण्ड अनुसार पनि मूल्यांकन गरिन्छ । जस अन्तर्गत प्रभाव सम्भाव्यता, संरचानागत परिवर्तन, दिगो विकास, प्रापकको आवश्यकताको जवाफदेहिता, राष्ट्रको स्वामित्व, दक्षता र प्रभावकारिता लगायतका विषय पर्दछन् ।[१०]

तालिक १ र २ मा नेपालको विद्यमान जलवायु सान्दर्भिक राष्ट्रिय नीति तथा योजना र हरित जलवायु कोषको अनुकूलन र न्यूनीकरणका रणनीतिक प्रभाव क्षेत्रको तुलनात्मक विश्लेषण गरिएको छ । जसमा राष्ट्रिय नीति, योजना र रणनीतिहरूले परिभाषित तथा प्राथिकतामा पारेको लगानीका क्षेत्रहरू हरित जलवायु कोषसँग तादात्म रहने र हरित जलवायु कोषले ती क्षेत्रहरूमा अधिकतम लगानी गर्ने क्षमता प्रदर्शित गरेको छ ।

**तालिका १ हरित जलवायु कोष र नेपालको अनुकूलन प्रभाव क्षेत्र**

| हरित जलवायु कोष प्रभाव क्षेत्र / नेपालका प्राथमिकताका क्षेत्र | मनव तथा समुदायको जीविकोपार्जन | स्वास्थ्य, खाद्य तथा जलसुरक्षा | वतावरणमैत्री पूर्वाधार निर्माण | पारिस्थितिकीय प्रणाली र सेवाहरू |
|---|---|---|---|---|
| जलवायु परिवर्तन नीति | – जल, मौसम/जल उत्पन्न क्षति तथा जोखिमको पूर्वानूमान सवलीकरण ।<br>– कृषकहरूलाई स्थानीय फसल लगाउन प्रेरित गर्नुका साथै स्थानीय तथा पूरातन ज्ञान तथा प्रविधिको संरक्षण ।<br>– जीविकोपार्जनका वैकल्पिक उपायहरू सिर्जना गर्न वन सम्पदाको उचित संरक्षण, सम्बर्द्धन तथा विकास । | – जल संरक्षणका आधुनिक प्रविधिको विकास गर्दै बाढी नियन्त्रण तथा सिँचाइ व्यवस्थाको विकास गर्ने ।<br>– जलवायु परिवर्तनबाट सिर्जित रोग फैल्याउने कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन पूर्वानुमान तथा रोकथामको आवश्यक संयन्त्रको विकास गर्ने।<br>– न्यून मिथेन उत्सर्जन गर्ने कृषि प्रविधिको विकास तथा विस्तार गर्ने ।<br>– खडेरी तथा डुबान (थोरै र बढी पानी) को भार सहन सक्ने कृषि प्रजातिको पहिचान तथा विकास गरी प्रयोगमा ल्याउने । | – पुल, बाँध, नदी नियन्त्रण आदि संरचना तथा पूर्वाधारको निर्माण गर्दा स्वरूप-गुणस्तर लाई जलवायु समानुकूलन हुने गरी तर्जुमा तथा कार्यान्वयन गर्ने । | – स्रोतको सुरक्षा, बर्सातको पानीको भण्डारण र वातावरणीय, सरसफाई गर्दै भूमि तथा पानीको संरक्षण ।<br>– वन, कृषि वन, माटो संरक्षणको दिगो व्यवस्थापन गर्ने ।<br>– पानीको व्यवस्थापनमा जलधार एप्रोच (Approach) अपनाउने । |
| राष्ट्रिय अनुकूलन कार्यक्रम | – जलवायु न्यूनीकरणसँगै जीविकाको विविधता, योजना तथा बीमा र अग्रीम सचेतना व्यवस्थाको विकास गर्न विपद् जोखिम न्यूनीकरण (DRR) अभ्यासको प्रबर्द्धन ।<br>– समुदायको अग्रसरतामा सञ्चालित विपद् जोखिम न्यूनीकरण (DRR) कार्यक्रम तथा प्रयासको प्रबर्द्धन ।<br>– हिमताल विष्फोटन जोखिमको निगरानी गर्ने जोखिमयुक्त समुदायलाई वैकल्पिक जीविकाका अवसरहरूको विकास । | – सुहाउँदो प्रजातिका बालीको विकास गर्ने, प्रांगारिक कृषि प्रणालीको विकास गर्ने, खेतीमा पानी व्यवस्थापनको सीप, प्रविधि विकास गर्ने, कृषि सहकारीको स्थापना गर्ने ।<br>– दिगो कृषि जमिन उपयोग व्यवस्था, कृषि विविधता व्यवस्थाको विकास गर्ने ।<br>– सहरी तथा ग्रामीण क्षेत्रमा पानी आपूर्ति तथा सरसफाइ कार्यक्रमको विकास गर्ने । | – विपद् जोखिम न्यूनीकरण संरचनाहरूको स्थापना (जस्तै : पूर्व चेतावनी प्रणाली) । | – जलधार र भू–दृश्य (Landscape) तह योजना र व्यवस्थापन मार्फत जैविक स्वास्थ्य र सेवाहरू सुनिश्चित गर्ने । |
| १४ औं योजना (सन् २०१६/१७-२०१८/१९) | – वातावरणीय शिक्षा प्रदान गर्ने ।<br>– जैविक विविधतालाई प्राथमिकतामा राख्दै स्थानीय प्रजातिका फसल तथा जलवायुमैत्री कृषिको प्रबर्द्धन ।<br>– जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्दै वातावरणमैत्री कृषिको विकास ।<br>– GLOF को पूर्वानुमान र अनुगमन गर्ने । | – संक्रामक रोगको पहिचान र तीनको रोकथाम गर्ने ।<br>– पर्यावरणीय सफाइको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने । | – वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिने। | – जलवायु परिवर्तन अनुकूलन/समानुकूलन/ पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनलाई मूलप्रवाहीकरण गर्नुका साथै रेड कार्यान्वयनको आवश्यक तयारी पूरा गरी कार्यान्वयन गरिने ।<br>– जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरणका नकारात्मक प्रभावको सामना गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने । |

९ GCF. 2011. Governing Instrument for the Green Climate Fund. https://www.greenclimate.fund/documents/20182/574763/Governing_Instrument.pdf
१० GCF.2015. GCF/B.09/07. 2015. Annex III. Further Development of the Initial Investment Framework: Sub-Criteria and Methodology. http://www.greenclimate.fund/documents/20182/24949/GCF_B.09_23_-_Decisions_of_the_Board___Ninth_Meeting_of_the_Board__24_-_26_March_2015.pdf

| हरित जलवायु कोष प्रभाव क्षेत्र / नेपालका प्राथमिकताका क्षेत्र | **मनव तथा समुदायको जीविकोपार्जन** | **स्वास्थ्य, खाद्य तथा जलसुरक्षा** | **वतावरणमैत्री पूर्वाधार निर्माण** | **पारिस्थितिकीय प्रणाली र सेवाहरू** |
|---|---|---|---|---|
| क्षेत्रगत नीति, योजना तथा रणनीति | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति<br>– प्रकोप जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तथा स्थानीय स्तरमा प्राथमिकता कायम गर्दै सबल संथागत आधार सहित कार्यान्यवनको सुनिश्चितता गर्ने ।<br>– क्षति तथा जोखिमको पहिचान र पूर्व चेतावनी व्यवस्थाको विकास गर्ने ।<br>– विपद्पछि प्रभावकारी प्रतिक्रियाको उचित तयारी गर्ने । | कृषि विकास रणनीति कार्ययोजना २०१४<br>– कृषकहरूलाई जलवायु परिवर्तन, क्षति, मूल्य अस्थिरता र अन्य क्षति न्यूनीकरणको सुधार गर्ने ।<br>– जलसंरक्षणका आधुनिक प्रविधिको विकास गर्दै बाढी नियन्त्रण तथा सिँचाइ व्यवस्थाको विकास गर्ने । | | राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना सन् २०१४-२०२०<br>– वनजंगलमा आधारित जीविकाको प्रबर्द्धन (PES को प्रबर्द्धन गर्ने)<br>– सामुदायिक वनमा जैविक विविधता संरक्षणको सुधार गर्ने । |

**तालिका २ : हरित जलवायु कोष र नेपालको न्यूनीकरण प्रभाव क्षेत्र**

| हरित जलवायु कोष प्रभाव क्षेत्र / नेपालका प्राथमिकताका क्षेत्र | **ऊर्जा उत्पादन तथा पहुँच** | **इातायात** | **भवन, शहर, उद्योग तथा उपकरणहरू** | **वनजंगल तथा भूउपयोग** |
|---|---|---|---|---|
| जलवायु परिवर्तन नीति | – स्वच्छ विकास संयन्त्रको प्रबर्द्धन मार्फत कार्बन व्यापारलाई प्रोत्साहन गरी आर्थिक स्रोतको व्यवस्था । | – विद्युतीय ऊर्जामा आधारित यातायात (विद्युतीय रेल, केबलकार आदि) तथा उद्योगको विकास र प्रबर्द्धन गर्ने । | – ऊर्जा दक्षता अभिवृद्धि गर्न हरेक २ वर्षमा उद्योगले ऊर्जा-परीक्षण गरी जलवायु परिवर्तनको लागि तोकिएको निकायमा पेश गर्ने । | – वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन, भू-उपयोग योजनाको तर्जुमा तथा कार्यान्वयन एवम् वन विनाश रोक्दै कार्बन सञ्चितीकरण (Carbon Sink) को क्षेत्र फराकिलो बनाउने ।<br>– वैज्ञानिक भू-उपयोग प्रणालीको विकास गर्ने । |
| राष्ट्रिय तहमा तय गरिएको योगदान (Nationally Determined Contribution) | – जलविद्युत्को उत्पादन र उपयोगमा वृद्धि ।<br>– सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा उत्पादनमा जोड ।<br>– फोहोरबाट ऊर्जा उत्पादनमा जोड । | – साइकल वा मोटर नजडिएको वातावरण मैत्री यातायात प्रणालीको विकास गर्ने ।<br>– काठमाडौं उपत्यकामा वायुको स्वच्छता कायम गर्न पुराना गाडी, इन्धन करको उचित व्यवस्था गर्ने ।<br>– विद्युतीय रेल, रोपवे, केबलकार लगायत विद्युतीय यातायातको प्रबर्द्धन गर्ने । | – सन् २०२५ सम्ममा वायु प्रदूषण हुने फोहर, पूराना र थोत्रा सवारी साधन र उद्योगको प्रभावकारिता अनुगमन गरी नियन्त्रण गर्ने । | – देशको कूल भूभागको ४० प्रतिशत वन क्षेत्र हुने नियमको कार्यान्वयन गर्ने ।<br>– वन विनास नियन्त्रण तथा वृक्षरोपणमार्फत वन क्षेत्र बढाई सन् २०२० सम्ममा १ करोड ४० लाख टन कार्बन घटाउने ।<br>– दिगो वन व्यवस्थापन गर्दै न्यून कार्बनलाई प्रबर्द्धन गर्ने ।<br>– रेड (REDD) नीति तथा कार्यान्वयनलाई उच्चतम उपयोग गर्ने ।<br>– वैज्ञानिक भूमि प्रयोगको नीति तथा कार्यान्वयनमा जोड दिने । |
| १४ औं योजना (२०१६/१७ - २०१८/१९) | – जलाशययुक्त जलविद्युत् उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम/आयोजना सञ्चालन ।<br>– घरायसी प्रयोजनको लागि वायोग्यासको, सुधारिएको चुलो, वायो-बिक्रेटको विकास तथा प्रबर्द्धन। | – मेचिदेखि महाकाली जोड्ने विद्युतीय रेलमार्ग निर्माण कार्य अगाडि बढाइनेछ ।<br>– सडक सञ्जालको निर्माण गर्दा ऊर्जाको प्रबर्द्धन हुनेगरी गरिनेछ । | – जलवायु अनुकूलित गाउँ (Climate Smart Village) को स्थापना र विकास गर्ने । | – जलवायु परिवर्तन र प्राकृतिक प्रकोपविरूद्ध भूमिव्यवस्था, सिमसार र अनुकूलनमैत्री कार्य प्रबर्द्धन गर्ने ।<br>– हरित उद्योग व्यावसायको प्रबर्द्धन गर्ने। |
| न्यून कार्बन आर्थिक विकास रणनीति (समीक्ष प्रक्रियामा) | – मुख्य आर्थिक स्रोतको रूपमा जलविद्युत्लाई प्रबर्द्धन गर्ने ।<br>– पाँच वर्ष भित्रमा सरकारी तथा सार्वजनिक भवनहरूमा सौर्य ऊर्जा तथा वायु उर्जाको प्रतिस्थापन गरिसक्ने ।<br>– कम ऊर्जा खपत हुने स्थानीय प्रविधिको संरक्षण र विकासगर्ने । | – स्वच्छ ऊर्जा सञ्चालित वातावरणमैत्री यातायातको प्रबर्द्धन । | – ऊर्जा प्रभावकारी भवननिर्माणलाई बढावा दिने ।<br>– स्मार्ट सहरको निर्माणमा जोड दिने । | |
| क्षेत्रगत नीति, योजना तथा रणनीति | राष्ट्रिय ऊर्जा नीति, २०१३<br>- वायोमास ऊर्जा स्रोत जस्तै सुधारिएको चुल्होको उपयोग र प्रयोगमा स्थायित्वको निर्क्योल गर्ने ।<br>- सौर्य तथा हावाजस्ता नवीकरणीय ऊर्जा प्रविधिको प्रबर्द्धन ।<br>- ऊर्जाको आपूर्ति र उपयोगमा निर्धारित वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने । | राष्ट्रिय दिगो यातायात रणनीति, २०१५-२०४०<br>- सवारी साधनको गुणस्तरको यकिन गर्ने र इन्जिनलाई सधैं सही अवस्थामा राख्ने ।<br>- विद्युतिय सवारी साधनको प्रबर्द्धन गर्ने ।<br>- भाडाका यातायातलाई हरित ऊर्जा सञ्चालित गर्ने । | राष्ट्रिय सहरी विकास रणनीति, २०१७<br>- काठमाडौं उपत्यकाको वातावरणीय, सम्पदा तथा पर्यटकमैत्री आर्थिक कार्यको प्रबर्द्धन गर्ने ।<br>- सबै उद्देश्यका लागि सौर्य ऊर्जाको अधिकतम् प्रबर्द्धन गर्ने । | वन नीति, २०१५<br>– देशको कूल भूभागको ४० प्रतिशत भूभागमा वनजंगल कायम गर्ने ।<br>– दिगो वन व्यवस्थामार्फत न्यून कार्बन उत्सर्जनलाई बढावा दिने ।<br>– पारिस्थिकीय चक्रमा समुदायमा अनुकूलन र न्यूनीकरणको क्षमता वृद्धि गर्दै जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने ।<br>– प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन बायोब्रिकेट, सुधारिएको चुलो र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने । |


## सरोकारवालाहरूको संयोजन सहभागिता

जलवायु परिर्तनका सबै क्षेत्रमा सरोकारवाला निकायलाई संलग्न गराउन हरित जलवायु कोषले राष्ट्रिय स्तरमा औपचारिक क्षेत्र सिर्जना गरेको छ । हरित जलवायु कोषसँगको पहुँच स्थापना गरी राष्ट्रिय स्वामित्वको निर्क्योल गर्न तथा आयोजना चक्रभरिका सम्पूर्ण प्रक्रियागत चरणहरूलाई राष्ट्रिय निकाय (National Designated Authority) ले सहजीकरण र निगरानी गर्ने गर्दछ । यस राष्ट्रिय निकायले सबै सरोकारवालाहरूलाई एकीकृत गर्ने म्यान्डेट पाएको हुन्छ ।

नेपालका लागि अर्थ मन्त्रालय मातहतको अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले राष्ट्रिय निकाय (NDA) का रूपमा कार्य गर्दै हरित जलवायु कोष र सम्बन्धित देशबीच सम्पर्क बिन्दुको रूपमा रही कार्य गर्दछ । विभिन्न सरोकारवालाहरू र उनीहरूको हरित जलवायु कोषमा अपेक्षित संलग्नतालाई चित्र २ ले स्पष्ट पारेको छ । केन्द्रीय निकायलाई कुनै पनि सम्बन्धन प्राप्त इकाईले प्रस्तुत गर्ने योजनमा निश्चित बहु-सरोकारवालाहरूको संलग्नता तथा राष्ट्रिय राणनीतिक खाका (राष्ट्रिय जलवायु परिवर्तनका प्राथमिकता तथा रणनीमि आधारित) तथा प्रायोजन प्रस्तावको परिमार्जनको अधिकार प्राप्त हुन्छ ।[११] साथै, निजी क्षेत्र, नागरिक समाज, महिला तथा जनजाति लगायतका सरोकारवालाहरूको सहभागिता तथा योगदान आयोजना तथा कार्यक्रमको खाका तयार पार्नेदेखि कार्यान्वयन गर्ने चरणसम्म उत्तिकै महत्वपूर्ण रहेको हुन्छ ।

११ GCF2015.http://www.greenclimate.fund/documents/20182/466886/Best_Practices_for_Country_Coordination_and_Multi-Stakeholder_Engagement.pdf

हरित जलवायु कोषबाट स्रोतको व्यवस्थापन तथा पहुँच विस्तार गर्न, धेरै सरोकारवालाहरूको आफ्नै किसिमको भूमिका तथा कर्तव्य रहेको हुन्छ । हरित जलवायु कोषसँग निर्धारित मापदण्ड पूरा गरेका सम्बन्धन प्राप्त कुनै पनि इकाईले प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सक्दछ । तर, राष्ट्रिय इकाईले कार्यान्वय इकाईका रूपमा स्रोतको परिचालन गर्ने गर्दछ । साथै, प्रयोगकर्ता समूह, नागरिक समाज, आदिवासी तथा महिला समूह लगायतको सरोकारवालाहरूको योजना तथा कार्यक्रमको प्रभावकारितामा पनि महत्वूपर्ण भूमिका खेलेको हुन्छ ।




चित्र २ : नेपालमा जलवायु कोषसँग सम्बन्धित सरोकारवालाहरू

## निष्कर्ष

बढ्दो जलवायु परिवर्तनको जोखिमलाई मध्यनजर गर्दा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालन गर्दै आफ्ना जनसमुदायलाई जलवायु जोखिमबाट सुरक्षित राख्न र संरक्षण तथा सुरक्षाका कदम चाल्दै विकासका उपलब्धिहरूलाई संस्थागत गनुपर्ने देखिन्छ । वार्षिक बजेटमा विनियोजित जलवायुसँग सम्बन्धित शीर्षकमा विनियोजन गरेको रकम नेपालले जलवायु क्रियाकलापमा गरेको प्रतिबद्धता प्रतिविम्बित हुन्छ । बढ्दो सार्वजनिक जलवायु बजेट विनियोजनले के प्रस्ट पार्छ भने जलवायु परिवर्तनको बढ्दो नकारात्मक प्रभावसँग जुध्न सहज जलवायु वित्तको मात्रा बढाउँदै जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सम्बोधन गर्न तथा उच्च प्रभावकारी जलवायु क्रियाकलापलाई बढाउन मद्दत पुग्छ ।

जलवायु जोखिम बढिरहेको अवस्थामा हरित जलवायु कोषले जलवायु अनुकूलन र न्यूनीकरणका क्षमता अभिवृद्धि गर्न राष्ट्रहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ । तर, पनि हरित जलवायु कोषसँग पहुँच विस्तार गर्नका लागि, नेपालले राष्ट्रिय स्तरमा क्षेत्रीय रणनीतिक कार्यको पहिचान र प्राथमिकीकरण गर्दै लगानीको वर्गिकरण गर्नुपर्ने देखिन्छ । साथै, जलवायु क्रियाकलापका प्राथमिकता निर्धारण गर्दा जलवायुसँग सम्बद्ध सबै राष्ट्रिय सरोकारवाला निकायहरूको सहभागिता आवश्यक छ । साथै, ती संस्थाहरूले आफ्नो क्षमता बुझ्न र कार्यान्वयन पक्षको विकास गर्न हरित जलवायु कोषले निर्धारण गरेको सीमामा रहेर डिएइ (DAE) का रूपमा कार्य गर्न सक्छन् । यसका लागि इच्छुक निकायहरूले आयोजना तथा कार्यक्रम विकास गरी कार्यान्वयनको तहमा भूमिका निर्वाह गर्न सक्नेछन् ।

**असंलग्नता**

यो सञ्चार सामग्री हरित जलवायु कोष तयारी कार्यक्रमको एक अंग हो, जसलाई नेपाल सरकार अर्थ मन्त्रालयले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) र संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम (UNEP) को संयुक्त सहकार्यमा तयार पारेको हो । यसको उद्देश्य हरित जलवायु कोषबाट प्राप्त वित्तिय कोषको प्रभावकारी पहुँच विस्तार, व्यवस्थापन, निगरानी गर्न राष्ट्रिय क्षमता अभिवृद्धि गर्नु हो । यसका लागि जर्मन सरकारको वातावरण, प्रकृति संरक्षण, तथा आणविक सुरक्षा मन्त्रालयले आर्थिक सहयोग गरेको छ ।

**प्राविधिक सम्पादन तथा उत्पादनः प्रकृति रिसोर्सेस सेन्टर**

सहयोग

Supported by:
Federal Ministry for the Environment, Nature Conservation, Building and Nuclear Safety
based on a decision of the German Bundestag

UN environment
United Nations Environment Programme

UNDP
Empowered lives. Resilient nations.

थप जानकारीका लागि

नेपाल सरकार, अर्थ मन्त्रालय,
अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा
जलवायु वित्त एकाइ, सिंहदरबार, काठमाडा
फोन : + ९७७-१-४२११३७१
फ्याक्सः + ९७७-१-४२१११६५
इमेल : infogcf@mof.gov.np